# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रीय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

१७ असार, २०७७

### स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने माग सहित अनसनरत व्यक्तिहरुको जीवनरक्षाको लागि आग्रह ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ बाट नेपाल समेत प्रभावित भएको अवस्थामा यसको रोकथामका लागि नेपाल सरकारबाट भएका कार्यहरु प्रभावकारी हुन नसकेको भन्दै पाटन दरबार क्षेत्रमा सुजान गुरुङ्ग, सुवानी सिजापती लगायतका व्यक्तिहरु ६ दिनदेखि आमरण अनसनमा बसेको तथा नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चितताको लागि पहल गरी पाऊँ भनी राष्ट्रिय मानव अधिकार आयोगमा परेको उजूरीप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगले अनसनस्थलमा पुगी अनसनरत व्यक्तिहरूको स्वास्थ्य अवस्था सम्बन्धमा अनुगमन गरेको छ । सो क्रममा अनसनरत सुजान गुरुङ्ग र सुवानी सिजापतीलाई उपचारका लागि त्रि.वि. शिक्षण अस्पताल लगेको पाइएको छ भने अर्का एक व्यक्ति ६ दिन देखि आमरण अनसनमा रहेको पाइएको छ । रिजा राउत, पुकार बम, गम्भीरजंग कार्की र सुनिता तामाङ्ग रिले अनसनमा रहेको र निजहरूको स्वास्थ्य अवस्था सामान्य रहेको पाइएको छ ।

अत: अनसनरत व्यक्तिहरुको स्वास्थ्यसम्बन्धी न्यायोचित माग सम्बोधन गरी जीवनको अधिकार रक्षा गर्न तथा सार्थक संवादद्वारा समस्याको समाधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै आफ्ना विरोधका कार्यक्रमहरु सञ्चालन गर्दा कोभिड-१९ को रोकथामका लागि नेपाल सरकारले लागू गरेका मापदण्डहरुको प्रभावकारी पालना गर्न आयोग अनसनरत पक्षलाई आग्रह गर्दछ ।

.................

वेद भट्टराई

सचिव/प्रवक्ता